मिति २०७७ श्रावण २९ गते विहिबारका दिन प्रमुख जिल्ला अधिकारी श्री रुद्रादेवी शर्माको अध्यक्षतामा बसेको जिल्ला स्तरीय संकट व्यवस्थापन समिति (DCCMC) को बैठक बसी कोभिड-१९ को संक्रमणको दर बढ्दै गएकोले नेपाल सरकारको निर्णय, जनस्वास्थ्य तथा सुरक्षा मापदण्डको आधारमा देहाय बमोजिमको उपस्थितिमा तपसिल बमोजिमको निर्णय गरियो ।

सल्लाहाकार

| क्र.स. | नाम, थर | पद | कार्यालय | दस्तखत |
|---|---|---|---|---|
| १. | श्री प्रेम बहादुर खड्का | प्रमुख | जिल्ला समन्वय समिति | |
| २. | श्री रमेश कुमार बस्नेत | नगर प्रमुख | मन्थली नगरपालिका | |
| ३. | श्री नरबहादुर थापामगर | नगर प्रमुख | रामेछाप नगरपालिका | |

## उपस्थित

जिल्ला स्तरीय **Crisis Management Center** का पदाधिकारी

| क्र.स. | नाम, थर | पद | कार्यालय | दस्तखत |
|---|---|---|---|---|
| १. | श्री रुद्रादेवी शर्मा | प्रमुख जिल्ला अधिकारी | जिल्ला प्रशासन कार्यालय | |
| २. | श्री दिवस आचार्य | जिल्ला समवन्य अधिकारी | जिल्ला समन्वय समिति | |
| ३. | श्री विष्णुप्रसाद सापकोटा | प्रमुख सेनानी | नयाँ गोरख गण | |
| ४. | श्री बसन्त पाठक | प्र.ना.उ. | जिल्ला प्रहरी कार्यालय | |
| ५. | श्री रमेशकुमार थापा | स.प्र.ना.उ. | सशस्त्र प्रहरी बल नेपाल | |
| ६. | श्री सुबास कार्की | प्र.अ.अ. | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय | |
| ७. | श्री विद्या खनाल | प्रमुख | स्वास्थ्य कार्यालय | |
| ८. | डा. आनन्द प्रसाद आचार्य | चिकित्सक | जिल्ला अस्पताल | |

आमन्त्रित

| क्र.स. | नाम, थर | पद | कार्यालय | दस्तखत |
|---|---|---|---|---|
| १. | श्री आनन्द श्रेष्ठ | सचिवलय सदस्य | नेकपा | |
| २. | श्री लेख बहादुर कार्की | सचिव | नेपाली कांग्रेस | |
| ३. | श्री रमेश ढुंगेल | अध्यक्ष | नेपाल पत्रकार महासंघ | |
| ४. | श्री केशवप्रसाद घिमिरे | अध्यक्ष | रामेछाप उद्योग बाणिज्य संघ | |
| ५. | श्री ~~दिनेश~~ शिव कार्की | सभापति ~~मन्त्री~~ | नेपाल रेडक्रस सोसाइटी | |
| ६. | श्री नवराज पथिक | सञ्चारकर्मी | | |
| ७. | श्री रामेश्वर पाण्डे | असई | जिल्ला ट्राफिक कार्यालय | |
| ८. | श्री सुरेश उदास | सचिव | रामेछाप उद्योग बाणिज्य संघ | |
| ९. | श्री दामोदर थापा | वाणिज्य उपाध्यक्ष | ,, ,, ,, ,, | |
| १०. | शिव कुमार कार्की | सभापति | रेडक्रस शाखा रामेछाप | |
| ११. | | | | |
| १२. | | | | |
| १३. | | | | |
| १४. | | | | |
| १५. | | | | |
| १६. | | | | |

बैठक संख्या -०१/०७७/७८
मितिः- २०७७/०४/२९

निर्णयहरु

विश्वव्यापी महामारी रुपमा फैलिएको कोभिड-१९ को संक्रमण उच्च भएको यस जिल्लामा ३१ जनामा संक्रमण पुष्टी भई सकेको र बढ्नेक्रम जारी भएको, संक्रमण फैलिएका जिल्लाबाट आवत जावत भै रहेको र समुदायस्तरमा संक्रमण फैलिने जोखिम रहेकोले नेपाल सरकारको निर्णयानुसार यस जिल्लामा लागू हुने गरी देहाय बमोजिम गर्ने निर्णय गरियो ।

देहाय

१. औषधी उपचार, खाद्यान्न खरिद, खेतवारीमा कृषि कार्य, विकास आयोजना, उद्योग उत्पादन, प्रशोधन अत्यावश्यक सेवाका कार्यमा बाहेक कुनै व्यक्ति घर बाहिर ननिस्कने ।
२. कोभिड-१९ संक्रमणको जोखिम बढ्दै गएको देखिएको हुँदा जनस्वास्थयको रक्षालाई सर्वोच्च प्राथमिकतामा राख्नु पर्ने आवश्यकता भएकोले धार्मिक स्थलहरुमा दैनिक नित्य पूजा बाहेक अन्य कुनै पनि गतिविधि संचालन नगर्ने नगराउने । चाडपर्वहरु आ-आफ्नै घरभित्र रही जनस्वास्थ्यका मापदण्डहरु पालना गरेर आ-आफ्नो परिवारका सदस्यहरुले मात्र मनाउने ।
३. दैनिक उपभोग्य लगायत पूवार्धार निर्माणमा आवश्यक सामाग्रीहरु आपूर्ति गर्दा सो कार्यमा संलग्न चालक, सहचालक तथा अन्य व्यक्तिले स्वास्थ्य सुरक्षा सम्बन्धी मापदण्ड पालनामा कमी भएको देखिएकोले अनिवार्य रुपमा सामाजिक दुरी कायम गर्नुका साथै मास्क, स्यानीटाइजर जस्ता न्यूनतम स्वास्थ्य मापदण्ड पालना गर्ने ।
४. यस जिल्लाको प्रवेश नाका सेलेघाट, खैरेनीघाट, लुभुघाट, नवलपुरघाट, खिम्ती, धारापानी, साँघुटार लगायत प्रवेश नाकाहरु बेलुका ७:०० बजे देखि विहान ५:०० बजे सम्मलाई पैदल आवात जावतलाई पूर्ण रोक लगाउने । पैदल तोकीएका प्रवेश विन्दु र सुरक्षा जाँच गर्ने स्थानहरुमा मापदण्ड पालना भए नभएको जाँच गर्ने, पालना नभएका तत्काल कारबाही गर्ने ।जनस्वास्थ्य र सुरक्षा मापदण्डको पालना गर्ने गराउने ।
५. शैक्षिक संस्थाहरु (विद्यालय, कलेज, ट्यूसन सेन्टर, तालिम केन्द्र) सबै प्रकारका सभा, गोष्ठी, तालिम, सेमिनार, सबै प्रकारका प्रदर्शन, भेला तथा सम्मेलन, सिनेमा हल, पाटी प्यालेस, डान्सबार लगायतका मनोरञ्जनस्थल, सैलुन, व्यूटीपार्लर तथा स्पा, स्वीमिङ पुल, जिमखाना लगायत हेल्थ क्लब, समूहमा खेलिने खेलकुद र खेल मैदानमा हुने प्रस्तुति, सबै प्रकारका धार्मिक तथा समाजिक स्थल, पुस्तकालय, संग्राहलय र चिडियाखाना हाल संचालन निषेधकै अवस्थामा रहेको हुँदा नियमित अनुगमन गरी कडाइका साथ पालना गर्ने गराउने एवं उल्लङ्घन गर्नेलाई प्रचलिन कानून बमोजिम कारबाही गर्ने ।
६. काठमाण्डौ उपत्यकाका लगायत अन्य जिल्लाबाट आउने यातायात र पैदल आवतजावतलाई निगरानी र नियन्त्रण गर्ने । अन्य जिल्लाबाट भित्रिने साधन यस जिल्लाको अनुमति लिई मात्र सहमति दिन सबै जिल्ला प्रशासन कार्यालयलाई अनुरोध गर्ने । अनुमति नभई आएका पास नभएका साधनहरु नाकाबाट फिर्ता पठाउने।
७. फुटपाथ/खुल्ला ठाउँ र ठेलागाडा/साइकलमा संचालन भइ रहेका तरकारी फलफूल, खाद्यान्न लताकपडा लगायतका खुद्रा व्यापार व्यवसाय एवं कवाडी संकलन जस्ता कार्य सबै हाटबजार जथाभावी रुपमा संचालन हुँदा भिडभाड बढने र कोभिड-१९ को संक्रमण समुदाय स्तरमा विस्तार हुने जोखिम बढेकोले अर्को निर्णय नभएसम्म सञ्चालन गर्न निषेध गर्ने।
८. उपभोग्य बस्तु विक्री गर्ने, खाद्यान्न लगायतका पसलहरु विहान ५:०० बजेबाट १०:०० बजे सम्म सञ्चालन गर्ने।
९. सरकारी तथा गैर सरकारी निकाय, बैंक, सहकारी, लघुवित्त एवं वित्तीय संघ संस्था लगायत जनतासँग प्रत्यक्ष सम्पर्कमा रही सेवा प्रवाह गर्ने सबै कार्यालय, निकाय एवं संघ संस्थाहरुले सकेसम्म विद्युतीय माध्यमबाट समेत सेवा प्रवाह गर्ने व्यवस्था मिलाउने ।
१०. उद्योग कलकारखाना लगायतका व्यवसाय संचालन गर्ने व्यवसायीहरुले हाल उद्योग व्यवसाय संचालन गर्न तथा सार्वजनिक निर्माणको काममा लगाइएका श्रमिक लगायतका जनशक्तिलाई अनिवार्य रुपमा जनस्वास्थ्य तथा सुरक्षाको मापदण्ड अवलम्बन गर्न लगाई उद्योग, कलकारखाना/सार्वजनिक तथा निजी निर्माणको परिसर भित्र सुरक्षित रुपमा खाने, बस्ने व्यवस्था गर्ने । हाललाइ अन्यत्र स्थानबाट कामदारहरु नल्याउने ।

११. कोभिड-१९ को संक्रमणको कारण भविष्यमा आउने जोखिम व्यवस्थापन गर्न सम्बन्धित उद्योग व्यवसायीले आफ्नो क्षेत्र भित्र आवश्यक क्वारेन्टित तथा आइसोलेसन लगायतका पूर्वाधारको प्रबन्ध समेत गर्ने ।

१२. कोभिड-१९ को संक्रमणको दर वृद्धि भइरहेको सन्दर्भमा संक्रमितहरुको विश्लेषण गरी लक्षण नदेखिएका संक्रमितहरुलाई राख्न आवश्यक बेड संख्याका आइसोलेसन सेन्टर तयार गर्न सबै स्थानीय तहलाई लेखि पठाउने ।

१३. एम्बुलेन्स, बिरामी बोकेका गाडी, खाद्यवस्तु, तरकारी, दुध, खानेपानी, विद्युत, सञ्चार, पेट्रोलियम पदार्थ बोक्ने ट्याङ्कर, शव वहान, फोहोर व्यवस्थापन गर्ने गाडी, पशुपंक्षीका दाना बोक्ने गाडी, निर्माण सामाग्री, सञ्चारकर्मी, स्वास्थ्यकर्मी, पशु स्वास्थ्यकर्मी, प्राविधिक तथा सुरक्षा निकायले प्रयोग गर्ने साधन र प्रशासनको अनुमति प्राप्त साधन बाहेक सबै सार्वजनिक, निजी सवारी साधन (मोटरसाइकल समेत) मिति २०७७/०४/३० गते देखि २०७७/०५/११ सम्म जिल्ला भित्र सञ्चालन नगर्ने ।

१४. मानिसहरु जमघट, भेटघाट एवं नजिकिने कार्यबाट कोभिड-१९ को संक्रमण बढदै गइरहेको हुँदा अत्यावश्यक बाहेकका कुनै पनि प्रकारका बैठक, समीक्षा, गोष्ठी, सेमिनार, छलफल, भेटघाट जस्ता समूहिक जमघट हुने कार्यहरु नगर्न/ नगराउने ।

१५. कोभिड-१९ को महामारीको समयमा उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्रालयले स्वीकृत गरेको उद्योग बाणिज्य तथा आपूर्ति क्षेत्रले अपनाउनु पर्ने सुरक्षा मापदण्डको पूर्ण पालना गर्ने/गराउने ।

१६. होटल रेष्टुरेण्टबाट तयार गरिएका खाद्य परिकार लैजाने सेवा (टेकअबे) मात्र सञ्चालन गर्ने।

१७. शव व्यवस्थापको लागि उचित स्थानको पहिचान गरी पालिकाबाट निर्णय गराई पठाउन यस पूर्व भएको निर्णयमा सबै पालिकाबाट आइ नसकेकोले पुनः अनुरोध गरी पठाउने । यसको समन्वय जिल्ला समन्वय समितिबाट गर्ने ।

१८. कोभिड-१९ को संक्रमण बढी रहेको अवस्थामा सरसफाईमा समेत ध्यान दिनु पर्ने, हुनाले सम्पूर्ण सरकारी, गैर सरकारी, नीजि, बैंक, वित्तीय संस्था, उद्योगी, व्यवसायीहरुले आ-आफ्नो कार्यस्थल र परिसरमा कुनै पनि फोहोर पाल्न निशेध गरिएको छ । आ-आफ्नो कार्यस्थल, पसल, घर वरपरको फोहोरको व्यवस्थापन गर्ने जिम्मा सम्बन्धित निकाय प्रमुख, उद्योगी, व्यवसायी, घरमूली स्वंयको हुने छ । सार्वजनिक स्थलको नियमित सरसफाई गर्ने, नियमित फोहोर उठाउने साधनको व्यवस्थाको लागि पालिकालाई अनुरोध गर्ने ।

१९. कोभिड-१९ को असहज अवस्थामा स्वदेश आउनै पर्ने अवस्थामा रहेका नागरिकहरु तोकिएका प्रवेश विन्दुबाट आवत जावत गर्ने, सबै क्वारेन्टिनमा रहेका व्यक्तिको अभिलेख स्वास्थ्य कार्यालयले राख्ने ।

२०. भारत लगायत तेस्रो मुलुकबाट आएका व्यक्तिलाई काठमाण्डौको होल्डिङ सेन्टरबाट जिल्लाको होल्डिङ सेन्टर सम्म ल्याउनको लागि उद्योग बाणिज्य संघले गरेको सम्झौता अवधि सकिएकोले तोकिएको गाडीलाई भाद्र १ गते देखि असोज १ गते सम्म निरन्तरता दिने, त्यसमा लागेको लागत सबै पालिकाले उद्योग बाणिज्य संघलाई प्रदान गर्ने, सो कार्यको समन्वय जिल्ला समन्वय समिति र नेपाल रेडक्रस सोसाईटीले गर्ने ।

२१. कोभिड-१९ को रोकथाम तथा नियन्त्रणको लागि जनचेतनामूलक सूचना सन्देश सबै पालिका/निकाय, संघ/ संस्था, सञ्चार माध्यमहरुले प्रचार प्रसार गर्ने ।